# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# आठविसकोट, रुकुम (पश्चिम)
# कर्णाली प्रदेश, नेपाल

सम्पर्क फोन नं.
९८४३२५८२७१ ९८६११८७३०८
website
www.aathbiskotmun.gov.np


पत्र संख्याः २०८१/०८२ मितिः २०८१/०५/११ गते

चलानी नम्बर : .........

**व्यवसायिक इन्टरलक इँटा उद्यम ढुगा काट्ने (स्टोन कटिङ) उद्यम सञ्चालन गर्नका लागि इच्छापत्र पेश गर्ने सम्बन्धि सूचना ।**

नेपाल सरकारको अनुरोध, वेलायत सरकार (FCDO)को आर्थिक सहायता तथा अन्तराष्ट्रिय आप्रवासन संगठन आइओएम (UN– Migration) द्वारा अन्य राष्ट्रसंघिय निकायहरु (WPF,UNICEF,UNFPA) सहितको संयुक्त पुर्नलाभ परियोजना (JRAP) अन्तर्गत भूकम्पपछिको पूर्ननिर्माण परियोजना सञ्चालन गरेको छ। जाजरकोटका ७ स्थानीय तह र रुकुम पश्चिमका ६ स्थानीय तहमा सञ्चालन गरिएको यस परियोजनाले सुरक्षित आवास निर्माण, उद्यमशीलता विकास र हरित निर्माण प्रवर्द्धन जस्ता क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराइन्छ।

उक्त परियोजनाको लाभग्राही यस नलगाड नगरपालिका पनि रहने छ । परियोजनाले भूकम्प प्रभावित क्षेत्रमा सुरक्षित आवास तथा सामुदायिक संरचना निर्माण गर्दा ढुंगा माटो साथै इन्टरलक इँटा (CSEB) प्रयोग गर्ने हुँदा यी सामाग्रीको स्थानिय उत्पादन जरुरी देखिएकाले इन्टरलक इँटा (CSEB) वनाउने मेशिन साथै ढुंगा काट्ने मेशिन (Stone Cutter) परियोजनाले अनुदानमा उपलब्ध गराउने छ। यसरी अनुदानमा उपकरण पाएका उद्यमीवाट उत्पादित स्रोत साधनलाई पुर्ननिर्माणका लागि प्रयोग गरिने हुँदा उद्यम सुरुवात गर्न इच्छुक स्थानीयलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस पालिकाको उद्यम विकास शाखामा इच्छापत्र पेश गर्नका लागि यसै सूचना मार्फत् आव्हान गरिन्छ । साथै म्याद नाघि आएका र रित नपुगेका निवेदन माथि कुनै पनि कारवाही अगाडि नवढाईने व्यहोरा अनुरोध गरिन्छ।

**उद्यमी बन्न इच्छुक व्यक्ति/समुहले तल उल्लेखित कागजातहरु मध्य आफुसँग भएका जेजति कागजातहरु छन लिएर आवेदन फम भर्न सकिने छ। सो आबेदन फर्म निःशुल्क हुने छ।**

- नागरिकताको प्रतिलिपि
- वडा कार्यालयको सिफारिस
- जग्गा बहालमा भए सम्झौतापत्र/जग्गा प्रमाणपत्रको प्रतिलिपि
- स्वास्थ्य र सुरक्षासम्वन्धी नियम, उत्पादन गुणस्तर, रोजगारी कानुन र समान अधिकारसँग सम्वन्धित नियम पालन सम्वन्धि प्रतिवद्धता सहितको निवेदन

थप जानकारीको लागि संम्पर्क कार्यालय आठविसकोट नगरपालिका वडा नम्वर ९ राडीज्यूला, मोबाइल नं ९८६१९७००२२ मा सर्म्पक राखी जानकारी लिनुहुन सुचित गरिन्छ।

Email: sushmita.chitrakar00@gmail.com
माथि उल्लिखित Email मा पनि सो निवेदन पठाउन सकिनेछ।

**नोट : आवेदन दिन इच्छुक सबैलाई यस पालिकामा सुचना प्रकाशित भएको पाँचौं दिनमा अभिमुखिकरणका लागि यस पालिकाको उद्यम विकास शाखामा उपस्थित हुन अनुरोध गरिन्छ।**

२०८१/०५/११

मणि राज शाह
नि.प्रमुख प्रशासकीय अधिकृत